आज मिति २०८३ साल वैशाख ११ गते शुक्रवारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ६७औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री अमृत कुमार धिताल | | |
| आमन्त्रित | | | | | |
| | | | | | |
| | | | | | |

## २०८३/०१/११ गतेको नगर कार्यपालिकाको ६७^औं^ बैठकको एजेन्डाहरू

१. मिति २०८२/१२/११ गते बसेको कार्यपालिकाको ६६^औं^ बैठकको निर्णय समीक्षा सम्बन्धमा।

२. अघिल्लो बैठकदेखि हालसम्मको योजनाहरुको भुक्तानी अनुमोदन तथा बाँकि भुक्तानी सिफारिस सम्बन्धमा ।

३. विभिन्न निकायहरुबाट प्राप्त परिपत्र सम्बन्धमा।

४. विभिन्न वडा, संघसंस्था तथा समुदायबाट आएका निवेदनहरु सम्बन्धमा ।

   क. कालिदेवी आ.वि. मा फर्निचर तथा कार्पेट व्यवस्थापन सम्बन्धमा ।

   ख. कवर्डहल म्याट तथा अन्य व्यवस्थापन वडा नं.८ योजना कार्यन्वयन सम्बन्धमा ।

   ग. वडा नं. ६ वरपिपल खेल मैदान निर्माण सम्बन्धमा ।

   घ. तपेश्वर मा.वि. घेराबार सम्बन्धमा ।

   ङ. महाकाली मा.वि. नौलाडाँडा पुस्तकालय स्थापन सम्बन्धमा।

   च. नगरपालिका र वडाको लागत साझेदारीमा ब्रह्मायणी मन्दिर निर्माण सम्बन्धमा ।

   छ. वडा नं.३ बयरबोट कुकुरमारे सडक खण्डमा रामेश्वर बजगाईको घर जाने बाटो संरक्षण सम्बन्धमा।

   ज. वडा नं.११ वडा कार्यालयदेखी घोरासैनी डीही राम्चे तर्किनटार जाने बाटो मर्मत योजना सम्बन्धमा

५. मण्डनदेउपुर आधारभुत अस्पतालमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

६. पदस्थापना सहमती सम्बन्धमा ।

७. फोहोरमैला व्यवस्थापन सम्झौता सम्बन्धमा ।

८. उपभोक्ता समितिहरुको म्याद थप संम्बन्धमा।

९. योजना सम्झौता सम्बन्धमा ।

१०. संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण सम्बन्धमा ।

११. विद्यालयमा पठनपाठन सूचारु सम्बन्धमा ।

१२. ढुवानी गर्ने राजमार्ग अवरुद्ध भएकोले राजश्व छुट माग सम्बन्धमा ।

१३. कर्मचारी आवास घरभाडा नविकरण सम्बन्धमा ।

१४. आर्थिक सहायत सम्बन्धमा ।

१५. विविध।

**<u>निर्णयहरु</u>**

निर्णय नं.१

मिति २०८२/१२/११ गते बसेको कार्यपालिकाको ६६औं बैठकको तपसिल बमोजिमको निर्णयहरु समिक्षा गरियो ।

| निर्णय नं. | प्रमाणित निर्णय | कार्यन्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| | मिति २०८२/१०/२६ गते बसेको कार्यपालिकाको ६५औं बैठकको समिक्षा | कार्यन्वयन भइसकेको | |
| | अनुगमन समितिको प्रतिवेदन अनुमोदन | कार्यन्वयन भइसकेको | |
| | योजनाहरुको भुक्तानी अनुमोदन | कार्यन्वयन भइसकेको | |
| | आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन (प्रारम्भिक) उपर छलफल | कार्यन्वयन भइसकेको | |
| | विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन | कार्यन्वयन भइसकेको | |
| | विभिन्न निकायहरुबाट प्राप्त परिपत्र | कार्यन्वयन भइसकेको | |
| | "घ" वर्गको इजाजत सम्बन्धमा | कार्यन्वयनको चरणमा रहेको | |
| | हालसम्म सम्झौता नभएका योजनाहरुको सम्बन्धमा | कार्यन्वयन भइसकेको | |
| | योजनाहरुको भेरिएसन अर्डर (VO) गर्ने | कार्यन्वयन भइसकेको | |
| ० | विभिन्न वडा, संघसंस्था तथा समुदायबाट आएका निवेदनहरु | कार्यन्वयन भइसकेको | |
| १ | वडा नं.१० र ११ लाई बालमैत्री वडा घोषणा | कार्यन्वयन भइसकेको | |
| २ | पेश भएका कार्यविधिहरु | कार्यन्वयन भइसकेको | |
| ३ | कभर्ड हल निर्माणका लागि रकमान्तर | कार्यन्वयन भइसकेको | |
| ४ | योञ्जनटोल नाला निर्माणका लागि बजेट व्यवस्थापन | कार्यन्वयन भइसकेको | |
| ५ | सिपाघाट सडक ग्राभेलका लागि बजेट व्यवस्थापन | कार्यन्वयन भइसकेको | |
| ६ | कर्मचारी व्यवस्थापन | कार्यन्वयन हुँन बाँकी | |
| ७ | योजना रकमान्तर | कार्यन्वयन भइसकेको | |
| ८ | राष्ट्रिय कृषि आधुनिकीकरण सुन्तला खेती कार्यक्रम | कार्यन्वयन भइसकेको | |
| ९ | नगरकोटमा शित भण्डार व्यवस्थापन सम्बन्धमा | कार्यन्वयन भइसकेको | |
| २० | नगरकोट क्षेत्रमा जग्गा रेखाङ्कनको सूचना | कार्यन्वयन भइसकेको | |
| २१ | जग्गा वर्गिकरण | कार्यन्वयन भइसकेको | |
| २२ | भवन नक्सापास, नियमित र अभिलेखिकरण | कार्यन्वयन भइसकेको | |
| २३ | विविध | कार्यन्वयन भइसकेको | |

निर्णय नं.२

अघिल्लो बैठकदेखि हालसम्म कार्य सम्पन्न भएका देहाय बमोजिमका योजना तथा कार्यक्रमको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|---|
| १ | भैपरी आउने विविध योजना | आन्तरिक श्रोत | ८०,००,०००.०० | १०,७१,३५५.०० | १३.३९ |
| २ | ५० प्रतिशत लागत साझेदारीमा विपद्बाट क्षतिग्रस्त निजी आवास संरक्षण | आन्तरिक श्रोत | १,००,००,०००.०० | २,३०,२२६.०० | २.३० |
| ३ | नाल्दुम काफ्लेनी चित्ते सडक | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० | १,५९,०००.०० | ३९.७५ |
| ४ | लुवागाउँ, काफ्लेनी बस्ती पैदल बाटो योजना | आन्तरिक श्रोत | ३,२०,०००.०० | १,५९,०००.०० | ४९.६९ |
| ५ | ५० प्रतिशत लागत साझेदारीमा नगरकोट पिसफुल कटेज हुदैं दि फोर्टभ्यू पोइन्ट मोटरबाटो स्तरोन्नती | आन्तरिक श्रोत | ३,००,०००.०० | २,९१,०००.०० | ९७.०० |
| ६ | बयरबोट तिमल्सिना गाउँ सडक मर्मत | आन्तरिक श्रोत | ६,००,०००.०० | २,७९,३५८.०० | ४६.५६ |
| ७ | बयरबोट तिमल्सिना गाउँ सडक मर्मत | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० | ७९,३५७.०० | १९.८४ |
| ८ | दमैटोल डाँडेपाखा बयरबोट सडक | आन्तरिक श्रोत | १०,००,०००.०० | २,२३,३४३.०० | २२.३३ |
| ९ | नौलाडाँडा महाकाली सडक, छेडा जगरुम्टी सडक, गैरिटोल सडक, सर्वझाड घट्टे झहरे सडक तथा बयरबोट तिमल्सिनागाउँ सडक निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ६,६०,०००.०० | २,००,०००.०० | ३०.३० |
| १० | सिपाघाट प्रहरी चौकी मर्मत सम्भार | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० | २,७६,५९६.०० | ९२.२० |
| ११ | देउराली डाडाथोक सडक स्तरोन्नती तथा खेल मैदान निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | १००.०० |
| १२ | देउराली डाडाथोक सडक स्तरोन्नती तथा खेल मैदान निर्माण | आन्तरिक श्रोत | ४,००,०००.०० | ३,७५,०३३.०० | ९३.७६ |
| १३ | पौवाटार उद्योगग्राम गैहिविसौना सडक | आन्तरिक श्रोत | १५,००,०००.०० | ४,७९,४९३.०० | ३१.९७ |
| १४ | ५० प्रतिशत लागत साझेदारीमा बज्रयोगिनी मन्दिर तथा सिढि निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ४,४०,०००.०० | ३,२२,६४६.०० | ७३.३३ |
| १५ | ५० प्रतिशत लागत साझेदारीमा बज्रयोगिनी मन्दिर तथा सिढि निर्माण | आन्तरिक श्रोत | ६,६०,०००.०० | ६,६०,०००.०० | १००.०० |
| १६ | वडा नं. ७का विभिन्न योजनाहरु | आन्तरिक श्रोत | ८,५०,०००.०० | ६,४९,७३८.०० | ७६.४४ |
| १७ | अर्चले बेलाबोट रायोबारी सडक | आन्तरिक श्रोत | ५,००,०००.० | ३,६१,८५१.० | ७२.३७ |
| १८ | किरुवा खेलकुद मैदान निर्माण | आन्तरिक श्रोत | ८,००,०००.०० | ३,५५,४७९.०० | ४४.४३ |
| १९ | जोगीटार माझिगाउँ सडक | आन्तरिक श्रोत | ५,००,०००.०० | ४,८५,०००.०० | ९७.०० |
| २० | जनप्रभात आ.वि. चिल्ड्रन पार्क | आन्तरिक श्रोत | ३,५०,०००.०० | ३,३९,५००.०० | ९७.०० |

मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय महादेवस्थान, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ९,५६,००,०००.०० | १,०८,११,७४४.०० | ११.३१ |
| २२ | काभ्रेपलान्चोक जिल्ला मण्डनदेउपुर नगरपालिका वडा नं ५ मंगलादेवी सामुदायीक भवन निर्माण | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ७०,००,०००.०० | १८,४८,१२४.०० | २६.४० |
| २३ | काभ्रे जिल्ला मन्दनदेउपुर न.पा वडा नं ८ मा जुडिगाउँ ढाडेनी मुलाचौर सडक स्तरोन्नति कार्य | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | २५,००,०००.०० | ७,०८,४१३.०० | २८.३४ |
| २४ | काभ्रेपलान्चोक जिल्ला मण्डनदेउपुर नगरपालिका वडा न ७ कुत्ता नर्सरी - नौविसे - जैमाने सडक | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ५०,००,०००.०० | ८,७५,०००.०० | १७.५० |
| २५ | काभ्रेपलान्चोक मण्डनदेउपुर नगरपालिका वडा नं ११, १२ अठ्चालिस किलो राम्चे झषरेडाडा रामपुर सडक निर्माण कार्य | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | २५,००,०००.०० | १७,६५,७७६.०० | ७०.६३ |
| २६ | काभ्रेपलान्चोक जिल्ला मण्डनदेउपुर नगरपालिका वडा न ५ पंचकन्या राईसमिलबाट बयरवोट जाने सडक | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ५०,००,०००.०० | ६,३९,९८३.०० | १२.८० |
| २७ | फेदी-चण्डेनी-हल्देछाप सडक (क्रमागत) वडा नं ११ | बागमती प्रदेश - समपुरक अनुदान पुंजीगत | १,५०,००,०००.०० | ४८,४४,०६३.०० | ३२.२९ |
| २८ | ट्यांकीडाँडा-माने-काँशिभञ्ज्याङ नाला सडक वडा नं ३ | बागमती प्रदेश - समपुरक अनुदान पुंजीगत | १,१६,००,०००.०० | ४५,०६,४१५.०० | ३८.८५ |

**निर्णय नं.३**

विभिन्न निकायहरुबाट प्राप्त भएका परिपत्रहरु बारे छलफर गरी सो अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.४ विभिन्न वडा, संघसंस्था तथा समुदायबाट आएका निवेदनहरु**

क) वडा नं.७ कालिदेवी आ.वि. मा फर्निचर तथा कार्पेट व्यवस्थापनका लागि रु.२०००००/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ख) कवर्डहल म्याट तथा अन्य व्यवस्थापन वडा नं.८ शिर्षकमा विनियोजित रु.४०००००/- बजेट वडा नं. ८ भञ्याङमा कभर्ड हल तथा खेल मैदान निर्माण योजनामा खर्च गर्ने निर्णय गरियो।

घ) वडा नं.५ तपेश्वर मा.वि. घेराबारका लागि रु.१५०००0/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ) वडा नं.४ महाकाली मा.वि. मा पुस्तकालय स्थापनका लागि रु.३००००0/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

च) आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. १३१ नगरपालिकासँगको साझेदारीमा (५०%) ब्रह्मायणी मन्दिर संरक्षण वडा नं. ५ योजना साझेदारीका लागि रु.५०००००/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८३ विभिन्न योजना तथा कार्यक्रमका लाग साझेदारी शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

छ) वडा नं.३ बयरबोट कुकुरमारे सडक खण्डमा रामेश्वर बजगाईको घर जाने बाटो संरक्षणका लागि प्राविधिक लागत अनुमान बमोजिम रु.८९००००/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ज) वडा नं. ११ वडा कार्यालयदेखि घोरासैनी डीही राम्चे तर्किनटार जाने बाटो मर्मत योजनाको लागि लागत अनुमान बमोजिमको रु.९१००००/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

मण्डनदेउपुर आधारभुत अस्पतालमा रिक्त रहेको मेडिकल अधिकृत पदको पदपुर्तिका लागि १ जना मेडिकल अधिकृतको विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

यस मण्डनदेउपुर नगरपालिकामा मिति २०७७/०२/३० गते असिस्टेण्ट सब-इन्जिनियर सहायक चौथो तहमा स्थायी नियुक्ती भई कार्यरत श्री केशवराज पन्त मिति २०७८/०८/२८ गते यस कार्यालयबाट सुदुरपश्चिम प्रदेश अन्तर्गतको स्थानीय तहमा सरुवा भई जानु भएकोले सरुवा भई गएको स्थानीय तहमा नै पदस्थापना गर्न सहमाती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

फोहोरमैला व्यवस्थापन गर्न इच्छुक वडाले सम्बन्धित वडा समितिले निर्णयानुसार नीजि कम्पनीसँग सम्बन्धित वडाले नै सम्झौता गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नलदेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं.८

उपभोक्ता समिति मार्फत सम्झौता भएका तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो।

| क्र. सं. | उपभोक्ता समितिको नाम | योजनाको नाम | कार्य सम्पन्नका लागि कार्यदेशको मिति | म्याद थप गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत लागत साझेदारीमा पाताल क्रियापुत्री भवन तथा मन्दिर निर्माण उपभोक्ता समिति मण्डनदेउपुर-८ | ५० प्रतिशत लागत साझेदारीमा पाताल क्रियापुत्री भवन तथा मन्दिर निर्माण | २०८२/१२/३० | २०८३/२/३० | |
| २ | नर्सरी देखि सापकोटा टोल सडक उपभोक्ता समिति मण्डनदेउपुर-७ | नर्सरी देखि सापकोटा टोल सडक | २०८२/१२/३ | २०८३/२/३० | |
| ३ | ५० प्रतिशत लागत साझेदारीमा रामपुर थानडाँडा सिँढि निर्माण वडा नं १० र १२ उपभोक्ता समिति मण्डनदेउपुर-१० | ५० प्रतिशत लागत साझेदारीमा रामपुर थानडाँडा सिँढि निर्माण वडा नं १० र १२ | २०८२/१२/३० | २०८३/२/३० | |
| ४ | नेवारटोल गणेश मन्दिर सत्तल निर्माण उपभोक्ता समिति मण्डनदेउपुर-६ | नेवारटोल गणेश मन्दिर सत्तल निर्माण | २०८२/१२/३० | २०८३/२/३० | |
| ५ | ज्यामिरे छाप हलेदे एवम् अन्य ठाँउमा चिता निर्माण उपभोक्ता समिति मण्डनदेउपुर-१० | ज्यामिरे छाप हलेदे एवम् अन्य ठाँउमा चिता निर्माण | २०८२/१२/३० | २०८३/२/३० | |
| ६ | चाम्वोटे बाघचर सिंचाई योजना उपभोक्ता समिति मण्डनदेउपुर-८ | चाम्वोटे बाघचर सिंचाई योजना | २०८२/११/३० | २०८३/२/३० | |
| ७ | वडा नं१० . को वडास्तरीय सडक मर्मत तथा सरसफाई उपभोक्ता समिति मण्डनदेउपुर-१० | वडा नं१० . को वडास्तरीय सडक मर्मत तथा सरसफाई | २०८२/१०/३० | २०८३/२/३० | |

दीपक बहादुर बाईबा
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | वडा नं१२ . को वडास्तरीय सडक मर्मत तथा सरसफाई उपभोक्ता समिति मण्डनदेउपुर-१२ | वडा नं१२ . को वडास्तरीय सडक मर्मत तथा सरसफाई | २०८२/११/३० | २०८३/२/३० | |
| ९ | वैकल्पिक सडक हाँडिखोला सडक संरक्षण समिति मण्डनदेउपुर-६ | वैकल्पिक सडक हाँडिखोला सडक संरक्षण समिति | २०८२/१०/३० | २०८३/२/३० | |
| १० | वडा स्तरिय मठमन्दिर गुम्वा पार्क चौतारा निर्माण तथा मर्मत साझेदारी र वडा स्तरिय सामुदायिक भवन उपभोक्ता समिति मण्डनदेउपुर-१० | वडा स्तरिय मठमन्दिर गुम्वा पार्क चौतारा निर्माण तथा मर्मत साझेदारी र वडा स्तरिय सामुदायिक भवन | २०८२/१२/६ | २०८३/२/३० | |

निर्णय नं.९

उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरु बैशाख मसान्तसम्म योजना सम्झौता गरी सक्नुपर्ने निर्णय गरियो ।साथै बाँकी योजनाहरु आगामी आ.व. २०८२३/०८४ मा क्रमागत योजनामा समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगरपालिका तथा अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्ने निर्णय गरियो।

निर्णय नं.११

यस नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा बैशाख १५ गतेबाट पठनपाठन सुरु गर्न पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

सुदिपा/गौरव जे.भि. ले मिति २०८२/१२/१८ गते साधारण निर्माणमुखी नदिजन्य पदार्थको ढुवानी गर्दा मिति २०८२/१२/०७ देखि २०८२/१२/२० सम्म अरनिको राजमार्गको धुलिखेल देखि खावा खण्ड कालोपत्रे गर्ने कार्यले सडक अवरुद्ध भई ढुवानी कार्यमा समस्या आएको हुँदा दामासाहीले छुट मागको निवेदन पेश गरेकोमा उक्त निवेदन उपर छलफल गर्दा उक्त कम्पनी र यस नगरपालिकाबिच भएको मिति २०८२/०५/३१ गतेको सम्झौतामा उल्लेखित शर्त बमोजिम कुनै विशेष कारणले कुनै एउटा राजमार्ग बन्द हुँदा राजश्व छुट दिने व्यवस्था नभएको र प्रचलित कानून बमोजिम साधारण निर्वाहमुखी नदिजन्य पदार्थको राजश्व छुट दिने क्षेत्राधिकार स्थानीय तहको नरहेको हुँदा सो निवेदनको माग बमोजिम राजश्व छुट नदिने निर्णय गरियो।

निर्णय नं.१३

वडा नं.७ देव नारायण पौडेलको घरमा ६ वटा कोठा र शम्भु प्रसाद पराजुलीको घरमा ४ वटा कोठा विगत समयदेखि कर्मचारी आवासको रुपमा प्रयोग भईरहेकोमा उक्त घरहरुको घरभाडा सम्झौताको म्याद समाप्त भएकोले २०८३ असार मसान्तसम्मका लागि सम्झौता नविकरण गरी अनुमोदन गर्ने निर्णय गरियो। साथै कुन्तावेशी-नयाँगाउँ-नगरकोट सडकमा मालबाहक सवारी साधन रोकथामका लागि खटिएका नगर प्रहरी बसोबासका लागि वडा नं.८ रमा कुमारी पौडेलको घरमा १ कोठा भाडा प्रयोग भईरहेकोमा उक्त घरको घरभाडा सम्झौताको म्याद समाप्त भएकोमा २०८३ असार मसान्तसम्मका लागि सम्झौता नविकरण गरी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.१४ आर्थिक सहायता सम्बन्धमा

१४.१) वडा नं.१० निवासी निल कुमारी नेपाल ब्रेन इन्जुरिज्मबाट पिडित भई हाल काठमाडौं मेडिकल कलेजमा उपचाररत रहेकोमा निजको उपचारका लागि रु.१०००००/- आर्थिक सहायत उपलब्ध गराउने निर्णय गरियो ।

१४.२) वडा नं.४ निवासी उमेश दंगालको छोरा अस्मिन दंगाल प्यारालाइसिस भई हाल वि.पि. नेत्र प्रतिष्ठानमा उपचाररत रहेकोमा निजको उपचारका लागि रु.१०००००/- आर्थिक सहायत उपलब्ध गराउने निर्णय गरियो ।

१४.३) जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापनका लागि काभ्रेपलाञ्चोक जिल्ला खेलकुद विकास समितिलाई रु.१०००००/- आर्थिक सहायत उपलब्ध गराउने निर्णय गरियो।

१४.४) वडा नं.९ निवासी किशोर रानाको मिति २०८२/१२/२४ गते पोखरामा मृत्यु भएकोले शव बाहन गाडीभाडाका लागि रु.१००००/- आर्थिक सहायत उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१५ विविध

क) हालसम्म नगरस्तरीय योजना अनुगमन समितिको देहाय बमोजिमका योजना तथा कार्यक्रमको अनुगमत प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | ठेगाना | योजना सञ्चालनकर्ताको नाम | निर्माण व्यवसायी/ उपभोक्ता समिति | अनुगमन मिति | सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिपाघाट प्रहरी चौकी मर्मत सम्भार | वडा नं .६ | ठुलीमा कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा।लि।, काठमाण्डौं | निर्माण व्यवसायी | २०८२-१२-१७ | अन्तिम भुक्तानी | |
| २ | वडा नं .६ का सडक योजनाहरु पार्ट-१ | वडा नं .६ | गौतम एण्ड आरभ कन्स्ट्रक्शन प्रा।लि।, मण्डनदेउपुर-७, काभ्रेपलाञ्चोक | निर्माण व्यवसायी | २०८२-१२-१७ | पहिलो रनिङ बिल भुक्तानी | |
| ३ | वडा नं .६ का सडक | वडा | गौतम एण्ड आरभ | निर्माण | २०८२- | पहिलो | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योजनाहरु पार्ट-२ | नं .६ | कन्स्ट्रक्शन प्रालि, मण्डनदेउपुर-७, काभ्रेपलाञ्चोक | व्यवसायी | १२-१७ | रनिङ बिल भुक्तानी | |
| ४ | मंगलादेवी सामुदायिक भवन निर्माण | वडा नं .५ | युनिक एण्ड युनिश कन्स्ट्रक्शन प्रा.लि., मेलम्ची-११, सिन्धुपाल्चोक | निर्माण व्यवसायी | २०८२-१२-१७ | पहिलो रनिङ बिल भुक्तानी | |
| ५ | ढाँडागाउ आधारभुत स्वास्थ्य सेवा केन्द्र सुदृढिकरण वडा नं .१ | वडा नं .१ | सक्सेस कन्स्ट्रक्शन एण्ड डेभलपर्स प्रा.लि. काठमाण्डौं-१०, काठमाण्डौं | निर्माण व्यवसायी | २०८२-१२-१७ | पहिलो रनिङ बिल भुक्तानी | |
| ६ | हिलसाइड डाडागाउँ वडा कार्यालय गिधेरे चुरीथुम्का सडक | वडा नं .१ | मास्के कन्स्ट्रक्शन, पाँचखाल-९, काभ्रेपलाञ्चोक | निर्माण व्यवसायी | २०८२-१२-१७ | अन्तिम भुक्तानी | |
| ७ | ट्याङ्किडाँडा माने कासीभन्ज्याङ्ग नाला सडक | वडा नं .३ | प्रोभिन-मोनालिसा-गौतम जेभि, काठमाण्डौं | निर्माण व्यवसायी | २०८२-१२-२२ | पहिलो रनिङ बिल भुक्तानी | |
| ८ | जनप्रभात आ.वि. चिल्ड्रेन पार्क निर्माण | वडा नं .३ | जनप्रभात आ.वि. व्यवस्थापन समिति | उपभोक्ता समिति | २०८२-१२-२२ | अन्तिम भुक्तानी | |
| ९ | काभ्रेपलान्चोक जिल्ला मण्डनदेपुर न.पा. वडा न ३ वयरवोट चिलाउने सडक स्तरोन्नति कार्य | वडा नं .३ | | निर्माण व्यवसायी | २०८२-१२-२२ | नियमित अनुगमन | |
| १० | जोगीटार माझीगाउँ सडक | वडा नं .१० | जोगीटार माझीगाउँ सडक उपभोक्ता समिति | उपभोक्ता समिति | २०८२-१२-२२ | अन्तिम भुक्तानी | |
| ११ | नगर आधारभुत अस्पताल सातौं रनिङ बिल | वडा नं .७ | क्षितिज-ग्रिनतारा जे.भि., काठमाण्डौं | निर्माण व्यवसायी | २०८२-१२-२२ | सातौं रनिङ बिल भुक्तानी | |
| १२ | ५० प्रतिशत लागत साझेदारीमा बज्रयोगिनी मन्दिर तथा सिढी निर्माण | वडा नं .७ | बज्रयोगिनीमाई मन्दिर व्यवस्थापन समिति | उपभोक्ता समिति | २०८३-०१-०७ | अन्तिम भुक्तानी | |

ख) वडा नं.१० माझिगाउँ बाल विकास केन्द्र व्यवस्थापनका लागि रु.१०००००/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ग) वडा नं.२ बालुवापाटी वर्थिङ सेन्टर निर्माणको काम अधुरो रहेकोले निर्माण सम्पन्नका लागि प्राविधिक लागत अनुमान बमोजिमको रु.१००००००/- आ.व.२०८२/०८३ को नीति तथा

कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

घ) वडा नं.२ ठकुरीगाउँ दुइघरे मिस्टिक माउन्टेन कात्तिकेधारा साठीकुरिया सडक योजनाको लागि लागत अनुमान बमोजिमको रु.५०००००/- आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ) नगरपालिकाका प्रयोग विहिन (खाली) विद्यालयमा रहेका फर्निचर सामग्रीहरु आवश्यक भएका विद्यालयमा व्यवस्थापन गर्न शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

च) कुन्तावेशी-नयाँगाउँ-नगरकोट सडकको वडा नं.४ महाकाली मा.वि. अगाडी पहिरो गई सवारी साधन आवत जावतमा समस्या भएकोले उक्त सडक खण्ड अस्थाई मर्मत गरी सञ्चालन गर्ने निर्णय गरियो।

छ) FAO सँग साझेदारीमा दुग्ध चिस्यान (VAT) खरिद तथा वितरण वडा नं.१ कार्यक्रमका लागि साझेदार संस्थाले साझेदारी नगर्ने भएकोले उक्त कार्यक्रम दुग्ध सहकारी/उत्पादक किसान तथा नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा कार्यन्वयन गर्ने निर्णय गरियो ।

ज) यस नगरपालिकाको वडा नं.७ बसपार्क (बैरी पिपल) वा वडा नं.७ औद्योगिक ग्राम मध्ये उपयुक्त पर्ने स्थानमा कृषि हाट बजार स्थापना गर्नका लागि लागत अनुमान तयार गरी कृषि विकास कार्यालय, धुलिखेलमा बजेट मागका लागि सिफारिस गर्ने निर्णय गरियो ।

झ) नगरकोट-गैरिविसौना हिगुवापाटी सडक स्तरोन्नती योजनाको सब-वेश कार्यका लागि आवश्यक सब-वेशमा माटोको मात्रा कम भएकोले वडा नं.६ पेरुङ्गेमा रहेको सब-वेश प्रयोग गर्न उक्त योजनाको निर्माण कम्पनी B.I.S./Shivadev/R.P.- JV ले निवेदन पेश गरेकोमा प्राविधिक स्थलगत निरिक्षण अनुसार उक्त स्थानमा प्राकृतिक सब-वेश रहेको र नजिकै बस्तीहरु नरहेकोले कार्यपालिकाको निर्णयानुसार प्रति ट्रिप रु.२१००/- का दरले निवेदक निर्माण कम्पनीलाई सब-वेश विक्रि गर्ने निर्णय गरियो।

ञ) मिति २०८३/०१/१३ दिउसो १ बजे कुन्तावेशी नर्सरीमा माननीय संविधान सदस्य स्व. विदुर सापकोटा स्मृति मार्गको बोर्ड राख्ने र आधारभुत अस्पताल प्राङ्गणमा सालिक शिलान्यास गर्ने निर्णय गरियो।

ट) नयाँगाउँ ट्याङ्कीडाँडा अनेकोट सडकको चाखोला खण्ड सडकमा ढुङ्गा फुटाउन लागि रु.२५०००/- उपलब्ध गराउने निर्णय गरियो।

ठ) आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.सं. २०० FAO सँगको लागत साझेदारीमा 4 Better नमुना होमस्टे खस्रे गुरुङ्गगाउँ सांस्कृतिक संग्रालय तथा नाचघर वडा नं.३ लाई समुदायसँगको लागत साझेदारीमा नमुना होमस्टे खस्रे गुरुङ्गगाउँ सांस्कृतिक संग्रालय तथा नाचघर वडा नं.३ हुने गरी योजनाको नाम परिवर्तन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

ड) बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालयबाट यस आ.व.२०८२/०८३ बजेटमा तपेश्वर ब्रम्हायणी खेलमैदान निर्माण योजना मण्डनदेउपुर-५ को लागि रु.९,००,०००/- विनियोजन भएकोमा वडा नं.५ बदामपुर स्थित साविक गैह्रिविसौना देउपुर गा.वि.स. वडा नं.६ को कित्ता नं. ४५७ मा उक्त योजना सञ्चालनको लागि सामाजिक विकास कार्यालय, धुलिखेललाई सिफारिस गर्ने निर्णय गरियो ।

ढ) मिति २०८३/०१/०७ गतेको वडा नं.१२ को वडा समितिको बैठकको निर्णय तथा मिति २०८३/०१/११ गतेको सिफारिस अनुसार आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको क्र.स. १७२ सालविसौना र भिमटारका सहकारी संस्था सँगको साझेदारीमा डेरी भवन निर्माण योजना मण्डनदेउपुर-१२ शिर्षकमा विनियोजित रु.५,००,०००/- काफलचौर मोटरबाटो निर्माण, देउराली बिस्कुटे खानेपानी मर्मत तथा रामपुर मेलडाँडा सडक स्तरोन्नती योजनाका लागि रकमान्तर गरी कार्यन्वयन गर्न पेश भएकोमा रकमान्तर गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

ण) बागमती प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत नगरकोट स्वास्थ्य पर्यटन चौकी प्रवर्दन मण्डनदेउपुर-२ योजनाका लागि रु.१५,००,०००/- विनियोजन भएकोमा उक्त योजना उपभोक्ता समिति मार्फत कार्यन्वयन गर्ने निर्णय गरियो।